# स्थानीय राजपत्र

# भाग-२

**अनुसूची(२)**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्ड: ६ संख्या: ३ मिति: २०७९/०३/०८

**राजपत्रमा प्रकाशित मिति : २०७९|०३|१०**

# अपिहिमाल गाउँपालिका

## अपिहिमाल गाउँपालिकाको पोषण लेखाजोखा तथा कुपोषणको व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९

# भाग २ खण्ड ६ संख्या ४

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मितिः- | २०७९/०३/०८ |

**अपिहिमाल गाउँपालिका**

**दार्चुला जिल्ला**

सुदुरपश्चिम प्रदेश

# अपिहिमाल गाउँपालिकाको पोषण लेखाजोखा तथा कुपोषणको व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९

## प्रस्तावना

उपयुक्त मात्रामा पोषण पाउने हरेक मानिसको आधारभूत हक हो ।विश्वमा पांच बर्ष मुनिका ४५ प्रतिशत बाल बालिकाको मृत्यु कुपोषणको कारणले हुने गरेको पाइएको छ ।नेपालको हकमा यो दर ५३ प्रतिशत पाइएको छ । अन्तरास्ट्रिय रुपमा नै कुपोषणको समस्यालाई निराकरण गर्ने कार्यलाई सामाजीक, आर्थिक तथा मानविय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालका ५ बर्ष मुनिका बाल बालिका हरुमा ३६प्रतिशत पुड्कोपन ,२७प्रतिशत कम तौल तथा १० प्रतिशत ख्याउटेपन रहेको छ । नेपालमा बिध्यमान शिघ्र कुपोषण दर १० प्रतिशत रहेको तथा २०७८ साल श्रावण देखि असोज महिना सम्ममा दार्चुला जिल्ला भित्रका ५ बर्ष मुनिका ८९६४ बालबालिकाहरुको उचाई अनुसार तौल (Z स्कोर ) को मापन तथा पाखुराको मध्य भागको मापन (MUAC) गरिएकोमा जम्मा कडा र मध्यम सिघ्र कुपोषित बाल बालिका संख्या ८६८ जना (९.६८ प्रतिशत),जम्मा सिघ्र कडा कुपोषित (SAM )बाल बालिका संख्या १६७ जना (१.८६प्रतिशत),जम्मा मध्यम सिघ्र कुपोषित (MAM) बाल बालिका संख्या ७०१ जना (७.८२प्रतिशत) देखिएकोले दार्चुला जिल्लामा कुपोषणको समस्या विकराल रुपमा रहेको छर्लङ्ग छ ।

दार्चुला जिल्लामा विधमान कुपोषणको समस्यालाई न्यूनीकरण गर्न अती आवश्यक देखिन्छ । नेपालमा १५ देखि ४९ बर्ष उमेर समूहका महिला मध्ये १७ प्रतिशत महिला हरुमा न्यून पोषण अथवा दीर्घकालीन रुपमा शक्तिको अभाव बाट हुने पोषण बिकृति (BMI १८.५ भन्दा कम )रहेको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ ले देखाएको छ । यस सन्दर्भमा ५ बर्ष मुनिका सम्पूर्ण वालबालिका, किशोरीहरु तथा गर्भवती महिलाको पोषण अवस्था लेखाजोखा गरि कुपोषण बाट पिडीत भएकाहरुको व्यवस्थापनका लागि नेपाल सरकार को ससर्त अनुदान अन्तर्गत कार्यक्रम हरु भएता पनि पोषण को लेखाजोखा पाखुराको मध्य भागको मापन (MUAC) बाट मात्रै गरेर सम्पूर्ण कुपोषित हरु पत्ता लगाई ब्यबस्थापन गर्न सम्भव भएको नदेखिएकोले स्वास्थ्य कार्यालय दार्चुलाको प्राविधिक सहयोगमा स्वास्थ्य शाखा समेत सहभागी भई यो कार्यविधि तयार पारिएको हो ।

हाल विधमान रहेको बाल बालिका हरुमा पाखुराको मध्य भागको मापन गरेर मात्र समुदायमा कुपोषणको खोज पड्ताल गर्ने नीतिले  कडा शीघ्र कुपोषित बाल बालिका मध्ये २१.५५ प्रतिशत अर्थात् अनुमानित ५ जना कुपोषित बाल बालिका मध्ये १ जना कुपोषित बाल बालिका मात्र पत्ता लाग्ने देखिएको तथा बाँकि ४ जना पत्ता नै नलागी छुट्न जाने र त्यसले गर्दा धेरै नै बाल बालिका हरुको शारीरिक र मानसिक विकासमा गम्भीर असर पर्न जाने तथा समग्र देशको विकासमा मा नै दूरगामी असर पर्न जाने देखिएकोले  समुदाय स्तरका  सम्पूर्ण स्वास्थ्य संस्था हरुमा आवश्यक सामग्री ब्यबस्थापन गरि संग संगै दुवै विधि, उचाई अनुसार तौल (Z स्कोर बिधि ) र पाखुराको मध्य भागको मापन (MUAC विधि ) प्रयोग गरि कुपोषणको खोज पड्ताल गर्नु अति आवश्यक देखिएकोले अपिहिमाल गाउँपालिका कार्यपालिकाको मिति २०७९।०३।०८ गतेको बैठकबाट यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

**(१) यो कार्य विधिको नाम "अपिहिमाल गाउँपालिकाको पोषण लेखाजोखा तथा कुपोषणको व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७८ " रहेको छ ।**

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि अपिहिमाल गाउँपालिकाका सम्पूर्ण वडा हरुमा लागु हुनेछ।

२. उद्देश्य

(१) समुदायमा रहेका शीघ्र कुपोषित बालबालिकाहरुको समयमैं पहिचान गर्ने ।

(२) बालबालिकाको शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने ।

(३) किशोरी तथा गर्भवती महिलाहरुको पोषण अवस्थाको  लेखाजोखा गर्ने ।

(४) स्थानिय स्तरमा व्यवस्थापन हुन नसकेका कुपोषित बालबालिकाहरुलाई प्रेषण गर्ने ।

३. लक्षित समुह

(१) ५ बर्ष मुनिका सम्पूर्ण  बालबालिका

(२) किशोरीहरु  तथा गर्भवती महिलाहरु

**४. सञ्चालन प्रक्रिया**

**क . बालबालिकाहरुका लागि**

(१) सम्पुर्ण ५ वर्ष मुनिका बालबालिकालाई उचाई अनुसार तौल (Z-Score), पाखुराको मध्य भागको मापन (MUAC) र पोषण जन्य कारणबाट सुन्निएको आधारमा प्रत्येक ३ महिनामा लेखाजोखा गर्ने ।

(२) प्रत्येक ३ महिना भन्नाले हरेक वर्षको भाद्र, मंग्सिर, फागुन र जेठ भनी बुझ्नु पर्नेछ ।

(३) नेपाल सरकारको पोषण नीति अनुसार २ वर्ष मुनिका बालबालिकाको प्रत्येक महिना लिनु पर्ने तौल र MUAC नियमित रुपमा प्रत्येक महिना लिई नै राख्नु पर्नेछ ।

(४) कुपोषित बालबालिकाहरुको व्यवस्थापन स्थानिय तहले तोकेका बहिरंग उपचार केन्द्रबाट शीघ्र कुपोषणको एकिकृत ब्यबस्थापन कार्यक्रमको राष्ट्रिय प्रोटोकल अनुसार हुनेछ ।

(५) यस कार्यक्रम अन्तरगत पोषणको लेखाजोखाका लागि स्वास्थ्यकर्मीहरु सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाबाट खटिने छन् ।

(६) यस कार्यक्रममा जनप्रतिनिधी,समाजसेवी,शिक्षक,राजनितिकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सहयोग गर्नु पर्नेछ ।

(७) यो अभियान स्वास्थ्य संस्था, खोप केन्द्र,गाउँघरक्लिनिक तथा प्रत्येक गाउँ,टोल हरुमा सञ्चालन गर्नु पर्नेछ ।

(८) अभियानमा छुटेका बालबालिकाहरुलाई घर घरमा गई पोषणको लेखाजोखा गर्नु पर्नेछ ।

(९) कुपोषण पहिचान गरिएका बालबालिकाहरुलाई प्रोटोकल अनुसार उपचारात्मक खाना खाएको सुनिश्चित गर्न प्रत्येक १५ दिनमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले अनुगमन भेट गरी सो को जानकारी स्वास्थ्य सस्थालाई गराउनु पर्नेछ ।

(१० ) कडा र मध्यम शीघ्र कुपोषणको हकमा कम्तीमा उपचारको मध्य र अन्तमा स्वास्थ्य कर्मीद्धरा स्वास्थ्य संस्था वा बाह्य क्लिनिकमा बोलाई अनुगमन भेट गर्नु पर्नेछ सो सम्भव नभएमा घरमै गई अनुगमन भेट गर्नु पर्नेछ र पोषण रजिस्टरमा विवरण अधावधिक गरी अनुसूची ३ अनुसार प्रतिवेदन तयार गरी स्वास्थ्य शाखामा पठाउनु पर्नेछ।

(११) पोषण लेखाजोखाको क्रममा एउटा केन्द्रमा २ जना स्वास्थ्य कर्मी परिचालिन हुनेछन् ।

**ख . किशोरीहरुका लागि**

(१) सम्बन्धित स्वास्थ्य सँस्थाहरुले आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यालयहरुका किशोरीहरुको वर्षमा कम्तीमा २ पटक MUAC द्वारा पोषण लेखाजोखा गर्नुपर्नेछ ।

(२) MUAC मापनको अभिलेख तथा प्रतिवेदन पालिकामा  पेश गर्नु पर्नेछ ।

**ग . गर्भवती महिलाहरुका लागि**

(१) सम्बन्धित स्वास्थ्य सँस्थाहरुले ४,६,८ र ९ महिनामा  गर्भजांच गराउन आउदा ४ पटक  अनिवार्य रुपमा  MUAC द्वारा पोषण लेखाजोखा गर्नुपर्नेछ ।

(२) MUAC मापनको अभिलेख तथा प्रतिवेदन पालिकामा  पेश गर्नु पर्नेछ ।

**५. प्रोत्साहन रकम सम्बन्धी व्यवस्था**

(१) उचाई अनुसार तौल (Z-Score) अभियान सञ्चालन गर्दा प्रत्येक बालबालिका बापत रु५० (अक्षेरुपी रु पचास सम्म) प्रोत्साहन बापत स्वास्थ्य कर्मीलाई उपलब्ध गराईनेछ ।

(२) एक दिनमा २ जना स्वास्थ्य कर्मीले अधिकतम ३० जना बालबालिकाहरुको पोषण लेखाजोखा गर्न सक्नेछन् ।

(३) कडा शीघ्र कुपोषणको उपचार गरी निको भएपछी प्रत्येक बालबालिका बापत रु ५०० (अक्षेरुपी रु पाँच सय मात्र) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन बापत नेपाल सरकारको शसर्त कार्यक्रमको निर्देशिका अनुसार उपलब्ध गराईनेछ ।महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले  उपचार अवधि भर  निरन्तर सम्पर्कमा रहेको तथा परामर्श  गरेको हुनु पर्नेछ, सो को अनुगमन सम्बन्धित स्वास्थकर्मीले गर्नु  पर्नेछ ।

(४) कडा शीघ्र कुपोषणको उपचार गरी निको भएपछी प्रत्येक बालबालिका बापत रु २०० (अक्षेरुपी रु  दुई सय मात्र) सँलग्न स्वास्थ्य कर्मीलाई प्रोत्साहन बापत उपलब्ध गराईनेछ। यो रकम पाउनका लागि स्वास्थ्यकर्मीले कम्तीमा उपचारको मध्य र अन्तमा अनुगमन गरि अनुसूची न. ३ बमोजिमको मध्यम तथा कडा सिघ्र  कुपोषित बाल बालिकाको अनुगमन प्रतिवेदन फारम भरि पालिकामा पेश गर्नु पर्नेछ ।

(५) कडा शीघ्र कुपोषणको उपचार गरी निको भएपछी प्रत्येक बालबालिका बापत रु १०० (अक्षेरुपी रु  सय मात्र) सम्बन्धित स्थानिय तहको स्वास्थ्य शाखालाई प्रोत्साहन बापत उपलब्ध गराईनेछ ।

(६)मध्यम शीघ्र कुपोषण व्यवस्थापनको हकमा उपचार गरी निको भएपछी प्रत्येक बालबालिका बापत रु १०० (अक्षेरुपी रु  एक सय मात्र) सँलग्न स्वास्थ्य कर्मीलाई प्रोत्साहन बापत उपलब्ध गरिनेछ । यो रकम पाउनका लागि स्वास्थ्यकर्मीले कम्तीमा उपचारको मध्य र अन्तमा अनुगमन गरि  अनुसूची न ३ बमोजिमको मध्यम तथा कडा सिघ्र  कुपोषित बाल बालिकाको अनुगमन प्रतिवेदन फारम भरि पालिकामा पेश गर्नु पर्नेछ ।

(७) पोषण लेखाजोखा, अनुगमनको  अभिलेख प्रष्ट सँग राख्नुपर्नेछ तथा तोकिएको ढाँचामा समयमैं  प्रतिवेदन गर्नु पर्नेछ ।

(८) बुदा नँ १ र बुदा नँ ६ मा उल्लेखित प्रोत्साहन बापतको रकम स्थानिय तहले व्यवस्था गर्नेछ ।

(९) बुदा नँ ३, ४, र ५ मा उल्लेखित प्रोत्साहन बापतको रकम नेपाल सरकारको सशर्त कार्यक्रम अन्तरगत खर्च गरिनेछ ।

**६. भुक्तानी सम्बन्धी ब्यबस्था**

(१) दोस्रो चरणको अभियान सञ्चालन पूर्व पहिलो चरणको भुक्तानीको कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

(२) भुक्तानिका लागि आवश्यक कागजपत्र १ देखि ४ सम्मका अनुसुचीहरु तथा पालिका बाट माग भए  बमोजिम हुनेछन् ।

७. अनुगमन मुल्यांकन :यस कार्यविधि अनुसार भए नभएको अपिहिमाल गाउँपालिकाले अनुगमन तथा मुल्यांकन गर्नेछ ।

८. बाधा अड्काउ फूकाउ : यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण यस अपिहिमाल गाउँपालिका कार्यपालिकाले गर्नेछ ।

९. संशोधन : यो कार्यविधि अपिहिमाल गाउँपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

अनुसूची हरु

अनुसूची न १

पोषण अभियान संचालन गरेको रेकर्ड राख्ने रजिस्टरको ढांचा

अनुसूची न २

पोषण अभियान संचालनको स्वास्थ्यकर्मीले स्वास्थ्य संस्था लाई गर्नु पर्ने प्रतिवेदनको ढांचा

अनुसूची न ३

मध्यम तथा कडा सिघ्र कुपोषित बाल बालिकाको अनुगमन प्रतिवेदन फारम

अनुसूची न ४

पोषण अभियान संचालनको स्वास्थ्य संस्थाले पालिका लाई गर्नु पर्ने प्रतिवेदनको ढांचा

**अनुसूची न १ पोषण अभियान संचालन गरेको रेकर्ड राख्ने रजिस्टरको ढांचा**

| क्र.स. | बाल बालिकाको नाम थर | ठेगाना | उमेर (महिना) | तौल कि.ग्रा. | MUAC मि.मि. | ल./उचाई से.मि . | सुन्निएको छ/छैन | पोषण अवस्था | अभिभावक नाम /नम्बर | सहभागी स्वास्थ्यकर्मी नाम/दस्तखत | मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

अनुसूची न २

पोषण अभियान संचालनको स्वास्थ्यकर्मीले स्वास्थ्य संस्था लाई गर्नु पर्ने प्रतिवेदनको ढांचा

स्वास्थ्य संस्थाको नाम
आ.व.

अभियान संचालन अवधि : गते देखि सम्म
जम्मा दिन

| क्र.स . | पोषण लेखा जोखा गरिएका जम्मा | | कडा सिघ्र कुपोषण | | मध्यम सिघ्र कुपोषण | |
|---|---|---|---|---|---|---|
| | बालकको संख्या M | बालिकाको संख्या F | बालकको संख्या M | बालिकाको संख्या F | बालकको संख्या M | बालिकाको संख्या F |
| | | | | | | |

सहभागी स्वास्थ्य कर्मिको नाम थर :

पद : प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुख

दस्तखत : नाम :

पद :

सहभागी स्वास्थ्य कर्मिको नाम थर : दस्तखत :

पद :

दस्तखत :

अनुसूची न ३

मध्यम तथा कडा सिघ्र  कुपोषित बाल बालिकाको अनुगमन प्रतिवेदन फारम

स्वास्थ्य संस्थाको नाम                                                  आ.व.

मिति :                        देखि                        सम्म

| क्र.स. | बाल बालिकाको नाम थर | पोषण रजिस्टर दर्ता न /मिति | भर्ना गर्दाको पोषण अवस्था SAM/ MAM | उमेर (महिना) | तौल कि.ग्रा. | MUAC मि.मि. | ल./उचाई से.मि . | पोषण अवस्था | अनुगमन गरेको ठाउँ स्वास्थ्य संस्था/घर /बाहृय क्लिनिक | जम्मा खाएको RUTF संख्या | RUTF खान सुरु गरे पछी थपिएको तौल | अवस्था सुधार छ/छैन | मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सहभागी स्वास्थ्य कर्मिको नाम थर :

पद :

प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुख

दस्तखत :

नाम :

पद :

सहभागी स्वास्थ्य कर्मिको नाम थर :

दस्तखत :

पद :

दस्तखत :

अनुसूची न ४

पोषण अभियान संचालनको स्वास्थ्य संस्थाले पालिका लाई गर्नु पर्ने प्रतिवेदनको ढांचा

मिति

श्री ......पालिका

स्वास्थ्य शाखा

...........मिति देखि .........सम्म यस स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी हरु .................र .................. ले जम्मा ...........बाल बालिका हरुको पोषण लेखा जोखा गरेकोमा ............. बाल बालिका हरु कडा सिघ्र कुपोषित भएका तथा ............बाल बालिका हरु मध्यम सिघ्र कुपोषित भएको देखिएकोले स्थानिय तहमा पोषणको लेखाजोखा तथा कुपोषणको व्यवस्थापन सम्बन्धी कार्यविधी २०७८ मा ब्यबस्था भए अनुसार अनुसूची १ , अनुसूची २ र अनुसूची ३ यसै पत्र साथ् संग्लन राखी तहाँ पठाइएको छ । उपरोक्त कार्यविधि अनुसार तपसिल बमोजिमको रकम भुक्तानीको लागि सिफारिस साथ अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

पोषण लेखाजोखा बापत को जम्मा रकम रु.

मध्यम सिघ्र कुपोषित बाल बालिकाको ब्यबस्थापन गरे बापत जम्मा रकम रु

कडा सिघ्र कुपोषित बाल बालिकाको ब्यबस्थापन गरे बापत जम्मा रकम रु

कुल जम्मा रकम रु

आज्ञाले

नाम थर: लक्ष्मण सिंह धामी

पद: नि.अ.प्र.प्र.